आज मिति २०७७ साल पौष २३ गते विहिवारको दिन विहान ८:०० बजे नलगाड नगरपालिकाका नगर प्रमुख श्री टेक बहादुर रावलज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक बसी तपसिल बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री टेक बहादुर रावल | नगर प्रमुख | | |
| २. | श्री बाल कुमारी बस्नेत | नगर उप प्रमुख | | |
| ३. | श्री हिरालाल पुन | वडा नं. १ अध्यक्ष | | |
| ४. | श्री राम कुमार जैसी | वडा नं. २ अध्यक्ष | | |
| ५. | श्री प्रचण्ड वली | वडा नं. ३ अध्यक्ष | | |
| ६. | श्री लक्ष्मी बहादुर रावल | वडा नं. ४ अध्यक्ष | | |
| ७. | श्री केशव प्रसाद शर्मा | वडा नं. ५ अध्यक्ष | | |
| ८. | श्री पूर्ण बहादुर खड्का | वडा नं. ६ अध्यक्ष | | |
| ९. | श्री अर्जुन बहादुर सिंह | वडा नं. ७ अध्यक्ष | | |
| १०. | श्री गोविन्द शाही | वडा नं. ८ अध्यक्ष | | |
| ११. | श्री विष्णु वि.क. | वडा नं. ९ अध्यक्ष | | |
| १२. | श्री भद्र बहादुर घ्यार | वडा नं. १० अध्यक्ष | | |
| १३. | श्री जित बहादुर मल्ल | वडा नं. ११ अध्यक्ष | | |
| १४. | श्री लाल बहादुर खत्री | वडा नं. १२ अध्यक्ष | | |
| १५. | श्री नरेन्द्र शाही | वडा नं. १३ अध्यक्ष | | |
| १६. | श्री राममाया हमाल | नगर का.पा. सदस्य | | |
| १७. | श्री तारादेवि पुन | नगर का.पा. सदस्य | | |
| १८. | श्री गोपी वि.क. | नगर का.पा. सदस्य | | |
| १९. | श्री रुपा कुमारी घ्यार | नगर का.पा. सदस्य | | |
| २०. | श्री काशिराम घर्ति | नगर का.पा. सदस्य | | |
| २१. | श्री तिले बादी | नगर का.पा. सदस्य | | |
| २२. | श्री नर बहादुर नेपाली | नगर का.पा. सदस्य | | |
| २३. | श्री अस्मिता वि.क. | नगर का.पा. सदस्य | | |
| २४. | श्री सुरेन्द्र सिंह | नि.प्र.प्र.अधिकृत | | |

मिति : २०७७।०९।२३ को नगर कार्यपालिका वैठकका प्रस्तावहरु

१. प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रकम विनियोजन गर्ने सम्वन्धमा ।

२. प्रयोगशाला स्थापना तथा दरवन्दी स्वीकृत गर्ने सम्वन्धमा ।

३. सवारी साधन सञ्चालन मापदण्ड, २०७७ स्वीकृत गर्ने सम्वन्धमा ।

४. नमुना बस्ती विकास कार्यक्रम सञ्चालन सम्वन्धमा ।

५. समपुरक बजेटबाट शौचालय निर्माणको लागि विद्यालय छनौट सम्वन्धमा ।

६. नगर प्रमुख रोजगार कार्यक्रमको योजना छनौट सम्वन्धमा ।

७. हाटबजार सञ्चालन निर्देशिका, २०७७ को मस्यौदा समिति गठन सम्वन्धमा ।

८. लघु उद्यम विकास कार्यक्रम स्वीकृत गर्ने सम्वन्धमा ।

९. नलगाड नगरपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ को संसोधन सम्वन्धमा ।

१०. आर्थिक सहायता सम्वन्धमा ।

११. कार्यक्रम सञ्चालनको लागि अनुमति दिने सम्वन्धमा ।

१२. बार्षिक स्वीकृत बजेट तथा कार्यक्रमबाट रकमान्तर गर्ने सम्वन्धमा ।

१३. सामुदायिक स्वास्थ्य एकाईको भवन निर्माण सम्वन्धमा ।

१४. सडक वोर्ड नेपालको योजना छनौट सम्वन्धमा ।

१५. रकम विनियोजन गर्ने सम्वन्धमा ।

१६. कैना कट्के विद्युत लाईन विस्तारको लागि रकम विनियोजन सम्वन्धमा ।

१७. राष्ट्रिय योजना आयोगमा योजना छनौट गरी पठाउने सम्वन्धमा

१८. आयोजनाको ठेक्का गर्ने सम्वन्धमा ।

टेक बहादुर रावल
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

**नगर कार्यपालिकाको निर्णयहरु (मिति २०७७।०९।२३)**

<u>निर्णय नं. १</u> : नलगाड नगरपालिकामा आर्थिक वर्ष २०७७।७८ मा कार्यान्वयनको लागि सँघीय सरकारबाट प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत विनियोजित बजेटबाट तपसिलका योजनाहरु छनौट गरी बजेट विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>तपसिल</u>

| क.सं | आयोजना/कार्यक्रमको नाम | निर्माण स्थल | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १. | रंगशाला निर्माण योजना | वडा नं. ८ | ५००००० | |
| २. | खान्टाकुरा देखि नेटिलेकसम्म पदमार्ग निर्माण योजना | वडा नं. ५ र ६ | ५००००० | |
| | **जम्मा रकम रु.** | | १०,००,००० | |

<u>निर्णय नं. २</u> : नलगाड नगरपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरु मार्फत प्रदान गरिने स्वास्थ्य सेवालाई स्थानीय नागरिक केन्द्रित बनाई सेवाहरुमा सहज तथा प्रभावकारी बनाउन नलगाड नगरपालिका वडा नं. ३ को कैना र वडा नं. ११ को चौखा स्वास्थ्य चौकीमा प्रयोगशाला (ल्याव) स्थापना गर्ने र सो प्रयोगशाला सञ्चालनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (७) बमोजिम २ जना ल्याव टेक्निसियन (सहायक चौथौ वा सो सरह) करार सेवामा नियुक्ति गर्ने गरी अस्थायी दरवन्दी सिर्जना गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>निर्णय नं. ३</u> : नलगाड नगरपालिका भित्र सञ्चालन हुने अटो तथा ई रिक्सालाई व्यवस्थित तथा प्रभावकारी बनाउन सवारी साधन सञ्चालन मापदण्ड, २०७७ स्वीकृत गर्ने सर्वसम्मत निर्णया गरियो ।

<u>निर्णय नं. ४</u>: नलगाड नगरपालिकाको नगर सभाबाट विनियोजित नमुना बस्ती विकास कार्यक्रमबाट तपसिल बमोजिम प्रत्येक वडामा एक लाखको दरले जम्मा रु. १३,००,०००।० अक्षरुपी तेह्र लाख मात्र बजेट विनियोजन गरी कार्यान्वयन गरी सर्वसम्मत निर्णय गरियो ।

<u>तपसिल</u>

| क.सं | कार्यक्रमको नाम | विनियोजित बजेट रु. | कैफियत |
|---|---|---|---|
| १. | मदिरा नियन्त्रण सम्वन्धी सचेतना कार्यक्रम | ३०,०००।० | |
| २. | लैंगिक हिंसा सम्वन्धी सचेतना कार्यक्रम | ४०,०००।० | |
| ३. | सरसफाई सम्वन्धी सचेतना कार्यक्रम | ३०,०००।० | |
| | जम्मा बजेट रु. | १,००,०००।० | |

**निर्णय नं. ५:** नलगाड नगरपालिकाको आर्थिक वर्ष २०७७।७८ को नीति तथा कार्यक्रम बमोजिम नगर सभाबाट विनियोजित पुँजीगत शीर्षकको समपुरक बजेटबाट तपसिल बमोजिमका विद्यालयहरुमा शौचालय निर्माणको लागि म्याचिंग रकम विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क.सं | विद्यालयको नाम | निर्माण स्थल | विनियोजित बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १. | श्री रामभक्त प्रा.वि. औल | वडा नं. ४ | ४०००० | |
| २. | श्री हिमालय प्रा.वि. मंसिरी | वडा नं. ८ | ४०००० | |
| ३. | श्री मष्ट प्रा.वि. तल्लु | वडा नं. ११ | ४०००० | |
| ४. | श्री जनता प्रा.वि. पीपलचौर | वडा नं. ४ | ४०००० | |
| ५. | श्री जनकल्याण आ.वि. गाँडेखोला | वडा नं. ५ | ४०००० | |
| ६. | श्री महादेव प्रा.वि. घरंगा | वडा नं. ९ | ४०००० | |
| ७. | श्री जनजागरण प्रा.वि. मानचौर | वडा नं. ४ | ४०००० | |
| ८. | श्री समाज परिवर्तन प्रा.वि. ध्यारगाउँ | वडा नं. १० | ४०००० | |
| ९. | श्री नमुना प्रा.वि. पारीकरुवा | वडा नं. ३ | ४०००० | |
| १०. | श्री महादेव प्रा.वि. जाले | वडा नं. १ | ४०००० | |
| ११. | श्री जनविकास आ.वि. खगेनकोट | वडा नं. ७ | ४०००० | |
| १२. | श्री कालिका प्रा.वि. गरी | वडा नं. २ | ४०००० | |
| १३. | श्री सरस्वती प्रा.वि. मुली | वडा नं. ५ | ४०००० | |
| १४. | श्री कालिका आर्दश प्रा.वि. गर्छिना | वडा नं. ६ | ४०००० | |
| १५. | श्री दलित प्रा.वि. बायकाँडा | वडा नं. १२ | ४०००० | |
| | **जम्मा बजेट रु.** | | **६०००००** | |

**निर्णय नं. ६:** आर्थिक वर्ष २०७७।७८ मा कार्यान्वयन हुने गरी मिति २०७७।०३।११ गते सम्पन्न नलगाड नगर सभाबाट विनियोजन गरिएको **पुँजीगत बजेट नगर प्रमुख रोजगार कार्यक्रम**बाट आ.व. २०७७।७८ मा कार्यान्वयन हुने गरी **नलगाड बहुमुखी क्याम्पससम्म बाटो, फिल्ड निर्माण तथा शौचालय निर्माण** योजना वडा नं. ७ मा रु. **२०,००,०००।० अक्षरुपी बीस लाखमात्र** रकम विनियोजन गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ७:** नलगाड नगरपालिकामा भित्र सञ्चालन हुने हाटबजारलाई व्यवस्थित गर्नको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपसिल बमोजिम ३ सदस्यीय मस्यौदा निर्माण समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

टेक बहादुर रावल
नगर प्रमुख

१. श्री सुरेन्द्र सिंह (प्रमुख प्रशासकीय अधिकृत) संयोजक

२. श्री भेषजंग शाह (पशुपंक्षी विकास शाखा प्रमुख) सदस्य

३. श्री बालकृष्ण आचार्य (कृषि विकास शाखा प्रमुख) सदस्य सचिव

निर्णय नं. ८ : नलगाड नगरपालिकामा आर्थिक वर्ष २०७७।७८ मा संघीय सरकारबाट सर्शत अनुदान वापत लघु उद्यम विकास कार्यक्रममा विनियोजित भई उद्यम विकास समितिबाट सिफारिस भएको ३५,००,०००।० अक्षरुपी पैतिस लाख बजेट तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ९: नलगाड नगरपालिकाको स्वास्थ्य सम्वन्धी कार्यलाई व्यवस्थित गर्नको नलगाड नगपालिकाको स्वास्थ्य तथा सरसफाई सम्वन्धी ऐन, २०७५ को प्रथम पटक संसोधनको लागि स्वीकृत प्रदान गर्ने र संसोधनको लागि नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. १०: नलगाड नगरपालिकाको आर्थिक वर्ष २०७७।७८ मा विनियोजित नगर सभाबाट विनियोजित तपसिल बमोजिमको बजेटबाट तपसिल बमोजिमका व्यक्तिहरुको लागि आर्थिक सहायता उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | व्यक्तिको नामथर | ठेगाना | श्रोत रकम | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री रुपा कुमारी ध्यार | नलगाड १० जाजरकोट | आकष्मिक कोष | ५०००० | |
| २. | श्री भरत वि.सी. | छेडागाड ५ जाजरकोट | नगर प्रमुख रोजगार कार्यक्रम | ५०००० | |

निर्णय नं. ११: नलगाड नगर कार्यपालिकाबाट तोकिएको नुमना बस्तीहरुमा (वडा नं. ३, ४, ५ र ६) आ.व. २०७६।७७ देखि आ.व. २०७८।७९ सम्म बजेट तथा योजना कार्यान्वयन गर्ने गरी नमुना समाज सुर्खेत नामक संस्थासँग सम्झौता गरिएकोमा उक्त संस्थाले सम्झौता बमोजिम प्रभावकारी रुपले कार्य गर्न नसकेको ठहर गर्दै उक्त सम्झौता खारेज गर्ने र आ.व. २०७७।७८ देखि सोही संस्थालाई कार्यक्रमको ढाँचा परिवर्तन गरी यस नगरपालिका क्षेत्रमा कार्यक्रम कार्यान्वयन गर्न अनुमति दिने सर्वसम्मत निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

टेक बहादुर रावल
नगर प्रमुख

**निर्णय नं. १२:** नलगाड नगरपालिकामा आर्थिक वर्ष २०७७।७८ मा कार्यान्वयन हुने गरी बजेट विनियोजन गरिएका तपसिल बमोजिमका योजनाहरुबाट तपसिल बमोजिमका योजनाहरुमा नलगाड नगरपालिकाको विनियोजन ऐन २०७७ को दफा ३ को उपदफा (२) बमोजिम बजेट रकमान्तर गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.सं | आयोजना/कार्यक्रमको नाम | रकमान्तर रु | नयाँ निर्माण हुने आयोजना | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | वडा कार्यालय भवन निर्माण योजना नलगाड न.पा. ४ जाजरकोट | ७००००० | नमुना बस्ती खानेपानी निर्माण योजना वडा नं. ४ | ७००००० | |
| २. | रंगशाला निर्माण योजना नलगाड न.पा. ८ जाजरकोट । | ३००००० | लेकवेशी प्रा.वि. मन्मै विद्यालय भवन निर्माण योजना वडा नं. ८ | ६५०००० | |
| ३. | सिचाई आयोजना नलगाड न.पा. १३ जाजरकोट । | ४००००० | सिउन विद्युत जेनेरेटर डायनामो खरिद योजना वडा नं. १३ | ८५०००० | |
| ४. | सिचाई आयोजना नलगाड न.पा. १३ जाजरकोट । | २८०००० | जनसेवा प्रा.वि. घेरावार निर्माण योजना वडा नं. १३ | २८०००० | म्याचिंग |
| ५. | खान्टाकुरा देखि नेटिलेकसम्म पदमार्ग निर्माण योजना नलगाड न.पा. ५ र ६ जाजरकोट । | ४००००० | ज्ञानोदय प्रा.वि. बाउसेखोला विद्यालय भवन निर्माण योजना वडा नं. ४ जाजरकोट । | ४००००० | |
| ६. | फोहोर संकलन केन्द्र (गाईबान्नेतरा) नलगाड न.पा. वडा नं. ५ जाजरकोट | ४९०००० | सरस्वती प्रा.वि. मुली विद्यालय भवन निर्माण योजना वडा नं. ५ | ४९०००० | |

**निर्णय नं. १३:** नलगाड नगरपालिका वडा नं. १० को रावतगाउँमा सामुदायिक स्वास्थ्य एकाईको भवन निर्माण गर्नुपर्ने भएको र उक्त सामुदायिक स्वास्थ्य एकाईको नाममा आफ्नो जग्गा नभएकोले उक्त संस्थाको भवन निर्माण नलगाड नगरपालिका वडा नं. १० को वडा कार्यालय रावतगाउँको नाममा रहेको किता नं. १२४ को जग्गामा भवन निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १४:** नलगाड नगरपालिकामा आ.व.२०७७।७८ मा कार्यान्वयन गर्ने गरी सडक वोर्ड नेपालबाट विनियोजित बजेटमा यस नगरपालिकाबाट १५ प्रतिशत समपुरक बजेट विनियोजन गर्ने गरी तपसिल बमोजिमका योजनाहरु छनौट गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | योजनाको नाम | वडा नं. | सडक वोर्ड नेपाल | स्थानीय तह | जम्मा बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | छेप्का देखि कैनासम्म सडक मर्मत योजना | ३ | १५००००० | २२५००० | १७२५००० | |
| २. | तल्लु देखि डाँडामाथि सडक मर्मत योजना | १२ | ५००००० | १५०००० | ६५०००० | |

**निर्णय नं. १५:** नलगाड नगरपालिकामा आर्थिक वर्ष २०७७।७८ मा कार्यान्वयन हुने गरी पुंजीगत खर्चको नगर प्रमुख रोजगार कार्यक्रम, अवण्डा रकम र समपुरक बजेटबाट तपसिल बमोजिमका योजनाहरु छनौट गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क.सं | आयोजना/कार्यक्रमको नाम | वडा नं. | जम्मा बजेट रु. | श्रोत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | तिपतिपे मुहान भई कल्लेरी खानेपानी योजना | ४ | ५००००० | नगर प्रमुख रोजगार कार्यक्रम | |
| २. | रामकृष्ण मन्दिर निर्माण योजना गुणभिर जाजरकोट । | ७ | १००००० | नगर प्रमुख रोजगार कार्यक्रम | |
| ३. | खगेनकोट सडक तडवन्धन योजना | ७ | ५०००० | अवण्डा रकम | |
| ४. | चौखा विद्युत मर्मत योजना | ११ | १५०००० | अवण्डा रकम | |
| ५. | तरकारी पकेट खेति रघुनाथ क्षेत्र | ५ | ४५०००० | समपुरक रकम | |

**निर्णय नं. १६:** नलगाड नगरपालिका वडा नं. ३ को सांटा भेरीखोला लघुजलविद्युत आयोजनाको क्षमता विस्तार गर्नुपर्ने भएको र कैना कट्के विद्युत लाईन विस्तारको तारपोल, जडान सहित निर्माण कार्यसम्पन्न भईसकेकोले **सांटा भेरीखोला लघुजलविद्युत आयोजनाको क्षमता विस्तार योजनाको** लागि तपसिल बमोजिमको रकम विनियोजन गरी कार्य प्रारम्भ गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क.सं | आयोजना/कार्यक्रमको नाम | निर्माण स्थल | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १. | ध्वारा देखि औलसम्म विद्युत लाईन विस्तार योजना (अवण्डा रकम समानीकरण अनुदान) | वडा नं. ३ | ५,००,०००।० | |
| २. | लघु तथा साना जलविद्युत आयोजनाबाट विद्युत उत्पादन योजना (सशर्त अनुदान) | वडा नं. ३ | ४,००,०००।० | |
| ३. | कैना कट्के विद्युत लाईन बाँकी विस्तार योजना ( समानीकरण अनुदान) | वडा नं. ३ | ३,००,०००।० | |
| | **जम्मा बजेट रु.** | | १२,००,०००।० | |

टेक बहादुर रा... नगर प्रमुख
...प्रशासकीय अधिकृत

**निर्णय नं. १७** : नलगाड नगरपालिकाबाट आर्थिक वर्ष २०७८।७९ मा विशेष अनुदान वापत रकम विनियोजनका लागि राष्ट्रिय योजना आयोगमा तपसिल बमोजिमका योजनाहरु छनौट गरी पठाउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क.सं | आयोजना/कार्यक्रमको नाम | निर्माण स्थल | लाभान्वित जनसंख्या | अनुमानित लागत रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | सामुदायिक स्वास्थ्य एकाई सिउन भवन निर्माण योजना | वडा नं. १३ | २००० | १,००,००,००० | |
| २. | रंगशाला निर्माण योजना | वडा नं. ८ | १०००० | ५००,००,००० | |
| ३. | ढारसिर्के देखि कोरेली हुदै गैरा लविसा डाँडालविसा सडक निर्माण योजना | वडा नं. ५ | ३००० | १,००,००,००० | |
| ४. | परिवगर देखि सामुदायिक एकाई सिउन हुदै डोल्पासम्म सडक निर्माण योजना | वडा नं. १३ | २००० | ५,००,००,००० | |
| ५. | सामुदायिक स्वास्थ्य एकाई भवन निर्माण जुरेली | वडा नं. १ | २००० | १,००,००,००० | |

**निर्णय नं. १८**: नलगाड नगरपालिकामा आ.व.२०७७।७८ मा कार्यान्वयन गर्ने गरी कर्णाली प्रदेश सरकार र यस नलगाड नगरपालिकाबाट बजेट विनियोजन भएका तपसिल बमोजिमको योजना सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम बोलपत्रको माध्यामबाट कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क.स. | योजनाको नाम | वडा नं. | प्रदेश सरकार | स्थानीय तह | जम्मा बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सिउन परिवगर सडक निर्माण योजना | १३ | २०००००० | २३००००० | ४३००००० | |

नि.प्रमुख प्रशासकीय अधिकृत

टेक बहादुर रावल
नगर प्रमुख